सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सो को नियमावली २०६५ को नियम (३) अनुसार जिल्ला प्रशासन कार्यालय कैलालीबाट सम्पादन गरिएका कामहरु सार्वजनिक विवरण

**२०७९ साल माघ १ गते देखि २०७९ साल चैत्र २९ गते सम्मको**

# जिल्ला प्रशासन कार्यालय कैलालीको

**स्वत: प्रकाशन (Pro-active Disclosure)**




## प्रकाशक

## नेपाल सरकार

## गृह मन्त्रालय


# जिल्ला प्रशासन कार्यालय

## कैलाली

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली



**युवराज कटेल**
**प्रमुख जिल्ला अधिकारी**
**(९८५८४२७७७७)**



**यज्ञराज जोशी**
**प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी**
**(९८५८४२६६६६)**




**शिवराज जोशी**
**(सूचना अधिकारी)**
**प्रशासकिय अधिकृत**
**(९८५१०७३५२९)**



**निता धामी**
**प्रशासकिय अधिकृत**
**(९८५८४२१११२)**

शिवराज जोशी
प्रशासकीय अधिकृत

**१. निकायको स्वरुप र प्रकृति:-** जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । साथै प्रशासनिक कार्य, अनुगमन र समन्वय ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

सुदुरपश्चिम प्रदेशमा अवस्थित ९ वटा जिल्ला मध्ये कैलाली जिल्ला पनि एक हो । यस जिल्लाको कुल क्षेत्रफल ३२३५ वर्ग किलोमिटर रहेको छ भने भारत तर्फ सिमाना जोडिएको क्षेत्र १०१ किलोमिटर रहेको छ । ऐतिहासिक गौरब बोकेको यो जिल्लाको मुख्य व्यापारीक केन्द्रको रुपमा धनगढी रहेको छ । नेपाल सरकारले प्रदेश सभाको निर्वाचन पश्चात कैलाली जिल्लाको सदरमुकाम धनगढीलाई प्रदेशको अस्थायी राजधानी तोकी काम काज सुरु गरि सकेको छ । यस जिल्लामा १ उप- महानगरपालिका, ६ नगरपालिका र ६ गाँउपालिका गरि जम्मा १३ वटा स्थानीय तह रहेका छन् (धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका, घोडाघोडी नगरपालिका, लम्कीचुहा नगरपालिका, टिकापुर नगरपालिका र भजनी नगरपालिका साथै चुरे गाँउपालिका, मोहन्याल गाँउपालिका, कैलारी गाँउपालिका, जोशीपुर गाँउपालिका, बर्दगोरीया गाँउपालिका र जानकी गाँउपालिका) । यस जिल्लामा उपोष्ण वा उष्ण  तथा न्यानो समशितोष्ण प्रकारको हावापानी रहेको छ । अधिकतम ४६ सेल्सीयससम्म तापक्रम पुग्ने गरेको छ भने जाडोमा ५ डिग्री सेल्सीयससम्म पुग्ने गरेको पाईन्छ । यस क्षेत्रमा बार्षिक सरदर बर्षा १८४० मि.लि. हुने गर्दछ । यस जिल्लाको तराई ईलाका पक्की तथा कच्चीरोड गरी यातायात सेवा उपलब्ध छ भने पहाडी मोहन्याल तथा चुरेमा अझै पनि यातायातको असुविधा रहेको छ । प्रमुख नदीनालाहरुमा मोहना, शिवगंगा, खुटिया पर्दछन् । यस क्षेत्रमा मुख्यतया थारुजातीको बाहुल्यता पाईन्छ

भने अन्य जातीहरुमा बाहुन, क्षेत्री, ठकुरी तथा मतवाली रहेका छन् । यस जिल्लामा प्रतिनिधी सभा क्षेत्र ५वटा र १० वटा प्रादेशिक क्षेत्र रहेका छन।

- **भौगोलिक अवस्था:-** यस जिल्लाको कुल क्षेत्रफल ३२३५ वर्ग किलोमिटर रहेको (पहाड ४०.३% र तराई ५९.७%) छ भने भारततिरको सिमाना १०१ किलोमिटर लम्बाईमा रहेको छ। यो जिल्ला २८° २२' उत्तर देखि२९° ५' उत्तरी अक्षांस सम्म, ८०° ३०' पुर्व देखि ८१° १८'पुर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतहबाट १०९ मिटर देखि १९५० मिटर सम्म उचाईमा अवस्थित छ।
- **सीमाना:-** यस जिल्लाको पूर्वमा बर्दिया र सुर्खेत जिल्ला, पश्चिममा कञ्चनपुर जिल्ला, उत्तरमा डोटी र डडेल्धुरा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश रहेको छ।
- **अन्तर्राष्ट्रिय सीमाको लम्बाई:-** कैलाली जिल्ला संग जोडिएको नेपाल-भारत सीमानाको दुरी १०१ किमि रहेको छ
- **हावापानी :-**यो जिल्ला तराई क्षेत्रमा पर्ने भएकोले उष्ण तथा उपोष्ण प्रकारको हावापानी पाईन्छ। यस जिल्लाको औषत तापक्रम न्युनतम ५°C देखि अधिकतम तापक्रम ४६°C रहेको पाईन्छ।
- **नदीनाला, ताल तथा पोखरी :-** यस जिल्लामा मुख्य नदीनालाहरुमा कर्णाली, मोहना, कान्द्रा,शिवगंगा, खुटिया, पथरैया, मनहरा, गोदावरी, गौरीगंगारहेका छन् भने तालहरुमा घोडाघोडी, बेहडाबाबा, कोईलही, जोख्खर, टिल्के, मझरीया आदी रहेका छन्।
- **बनजंगल :-** यस जिल्लाको तराई क्षेत्रमा कुपोष्ण प्रदेशिय सदाबहार बन र चुरे तिर मौषमी समशितोष्ण बन पाईन्छ।
- **यातायात :-** कैलाली जिल्लाको मोहन्याल र चुरे गाँउपालिका बाहेक अधिकांश ठाँउहरुमा यातायातको सुविधा रहेको छ। यस जिल्लाबाट लामो तथा छोटो दुरीका सवारीसाधनहरु, विभिन्न ढुवानीमा प्रयोग हुने साना तथा ठुला गाडीहरु लगायत चार पाङग्रे निजी तथा सार्वजनिक सवारी साधानहरुको आवत जावतले गर्दा यस जिल्लाका मुख्य मुख्य सडकहरु अधिकांश समय व्यस्त रहने गरेका छन।
- **संचार/बिजुली :-** कैलाली जिल्लाका दुर्गम गाँउपालिका चुरे र मोहन्यालका केही ठाँउहरु बाहेक अधिकांश ठाँउहरुमा बिजुली बत्तीको राम्रो सुविधा रहेको छ भने यस जिल्लाका प्राय जसो सबै ईलाकाहरुमा हालका दिनहरुमा संचारको राम्रो सम्पर्क हुन सक्ने अवस्था रहेको छ।
- **बाटोघाटो :-** कैलाली जिल्लाको मुख्य बाटोको रुपमा पूर्व पश्चिम राजमार्ग ८५ कि.मि., भीमदत्त राजमार्ग ६० कि.मि. र हुलाकी राजमार्ग ८० कि.मि. रहेका छन भने धेरै जसो तराई भु-भाग भएकोले स-साना सहायक बाटाहरु प्रशस्त मात्रामा रहेका छन जसले गर्दा स्थानियलाई सवारी साधनमा आवत जावत गर्न सहज भएको छ। बर्षातको सयममा जिल्लाका ग्रामिण दक्षिणी भेगमा बाटोघाटो विग्रिन गई हिलाम्मे हुँदा आवत जावतमा कठिनाई हुने गरेको छ।
- **जनसंख्या :-** २०७८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ९११९५५ रहेको छ।
- **पेशा :-** यस क्षेत्रका धेरै जसो ब्यक्तिहरुको मुख्य पेशा कृषि रहेपनि हालका दिनहरुमा ब्यापार, शिक्षण, जंगी प्रहरी, बिभिन्न सरकारी तथा गैह सरकारी क्षेत्रमा संग्लन्न रहेका पाईन्छन । कृषि पेशामा बढीमात्रामा आदिवासी चौधरीहरुको बाहुल्यता रहेको छ भने बाहुन क्षेत्री लगायत अन्य जातीहरुले कृषिको अतिरीक्त मिश्रित पेशाहरु यस जिल्लामा अंगालेको पाईन्छ।

- **उद्योग/कलकारखानाहरु:-** यस जिल्लामा रहेको प्रमुख उद्योग चुहा सुगर मिल हाल विभिन्न राजनितिक समुहको दबाव थेक्न नसकि बन्द रहेको अवस्थामा छ । गेटा अत्तरिया औद्योगिक क्षेत्र लगायत यस जिल्ला भित्र विस्कुट, फ्लोर मिल, क्रसर उद्योग, खोटो बनाउने लगायतका विभिन्न साना ठुला उद्योगहरु रहेका छन भने ग्रामिण भेगमा अधिकाश रुपमा ईट्टाभट्टाहरु रहेका छन ।
- **स्कुल/ क्याम्पसहरु :-** यस जिल्लाको प्रमुख क्याम्समा सु.प.विद्यालय अन्तरगत रहेको कैलाली बहुमुखी क्याम्पस हो । अन्य क्याम्पसहरुमा टिकापुर बहुमुखी क्याम्पस, एस.पि.ए.एकेडेमी, लगायत रहेका छन । स्कुलहरुमा धनगढीमा ऐश्वर्य विद्या निकेतन, पञ्चोदय, विरेन्द्र विद्या मन्दिर टिकापुर लगायतकामा विद्यार्थिहरुको चाप बढीरहेको छ ।
- **बैङ्क तथा बित्तिय संस्थाहरु :-**यस जिल्लाका प्रमुख शहरहरु धनगढी, टिकापुर, लम्की, अत्तरिया र हाईवेमा पर्ने अधिकांश ठाउहरुमा सरकारी तथा निजी क्षेत्रका बैक तथा वित्तिय संस्थाहरु खुलेका छन । बढ्दो जनसंख्या, सहरीकरणले गर्दा जनताको बैक तथा वित्तिय संस्था प्रति विश्वास बढन गई आजको सन्दर्भमा ति संस्थाहरुको अपरिहार्य आवश्यकता रहन गएको कुराबाट यो जिल्ला पनि अछुतो रहेको छैन ।
- **मिडिया :-**कैलाली जिल्लामा करिब दुई (२) दर्जन दैनिक तथा साप्ताहिक एंव अनलाईन डिजिटल पत्रिका प्रकाशन हुने गरेका छन । हाल धनगढीमा ६ वटा एफ.एम.स्टेशन रहेका छन भने जिल्लाका अन्य ईलाकाहरुमा एक दर्जन भन्दा बढी एफ.एम. स्टेशनहरु रहेका छन । कैलाली जिल्ला मिडिया कभरेजको हिसावले काठमाण्डौ पछि दोस्रो रहेको भन्ने बुझिदै आईएको पाईन्छ ।

२. **राजनैतिक विभाजन:-** नेपालको प्रदेश नं. ७ मा अवस्थीत ९ वटा जिल्ला मध्ये कैलाली जिल्ला तराईमा रहेको प्रमुख जिल्ला हो । यस जिल्लामा ५ वटा संघीय संसदिय निर्वाचन क्षेत्र,१० वटा प्रादेशिक निर्वाचन क्षेत्र, १ उप-महानगरपालिका, ६ वटा नगरपालिका तथा ६ वटा गाँउपालिकाहरु रहेका छन । यस जिल्ला अन्तर्गत धनगढी उप-महानगरपालिका गोदावरी, गौरीगंगा, घोडघोडी, लम्की चुहा, टिकापुर र भजनी नगरपालिकाका साथै चुरे, मोहन्याल, कैलारी, जोशीपुर, बर्दगोरीया र जानकी गाँउपालिका रहेका छन् ।

**जिल्लाको राजनीतिक अवस्था**

| | |
|---|---|
| प्रदेश- | सुदूरपश्चिम प्रदेश |
| जिल्ला- | कैलाली |
| सदरमुकाम- | धनगढी |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र- | ५ |
| प्रदेश सभा निर्वाचन क्षेत्र- | १० |
| उमहानगरपालिका- | १ |
| नगरपालिका- | ६ |
| गाउँपालिका- | ६ |
| जम्मा स्थानीय तह- | १३ |

## ३. निकायको काम, कर्तव्य र अधिकार:-

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
३. राहदानी सम्बन्धी कार्य गर्ने ।
४. नावालक परिचयपत्र जारी गर्ने ।
५. आदिवासी जनजाती, दलित, मधेसी सिफारिस गर्ने ।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन ।
७. विस्फोटक पदार्थ सिफारिस र नियमन ।
८. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन ।
९. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन ।
१०. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन ।
११. स्थानीय प्रशासनको सञ्चालन ।
१२. भ्रष्टाचार नियन्त्रण ।
१३. जन गुनासो माथी सुनुवाइ
१४. तस्करी नियन्त्रण
१५. चिठ्ठा, जुवा आदि नियन्त्रणा गर्ने
१६. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम ।
१७. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
१८. विपद् व्यवस्थापन ।
१९. मुआब्जा निर्धारण तथा वितरण
२०. नाबालक, असहाय बालबालिकाको संरक्षण गर्ने ।
२१. जिल्ला स्थित सरकारी कार्यालयहरूको निरीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने
२२. जिल्ला ज्याला दररेट निर्धारणा सम्बन्धि कार्य गर्ने ।
२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने ।
२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम ।
२५. जिल्ला स्थित कारागारको व्यवस्थापन ।
२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन ।
२७. कार्यालय प्रमुखको बैठक गरी जिल्लामा भईरहेका कार्य र समस्याको निराकरणको लागि निकास खोज्ने
२८. जिल्ला स्थित राजनीतिक दलहरू विच सहज र मैत्री सम्बन्ध बनाउने
२९. सभा समारोहको प्रबन्ध मिलाउने
३०. जिल्ला स्थित संचालित विकास आयोजनाको रेखदेख, समन्वय र सहयोग गर्ने
३१. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण ।
३२. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।
३३. लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भएअनुसार रा.प.अनं. कर्मचारीहरूको बढुवा समितिको कार्य गर्ने
३४. जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग ।
३५. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
३६. अन्तराष्ट्रिय सीमा प्रशासन ।
३७. न्याय सम्पादन सम्बन्धी कार्य ।
३८. कुनै मन्त्रालयलाई नतोकिएको नेपाल सरकारको कुनै काम
३९. कारागार प्रशासन एवं कारागारको सुरक्षा व्यवस्था मिलाउने ।

४. **निकायमा रहने कर्मचारी संख्या:-**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी सख्या |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | सा. प्रशासन | १ |
| २ | स .प्र.जि.अ. | रा.प.द्वितीय | प्रशासन | सा. प्रशासन | १ |
| ३ | प्रशासकीय अधिकत | रा.प.ततीय | प्रशासन | सा. प्रशासन | ३ |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा. प्रशासन | ११ |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्यटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | ३ |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा. प्रशासन | ५ |
| ८ | ह.चा.स. | श्रेणी विहिन | प्रशासन | सा. प्रशासन | २ |
| ९ | का.स. | श्रेणी विहिन | प्रशासन | सा. प्रशासन | ७ |
| **जम्मा** | | | | | **३४** |

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-**

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता शाखा | ना.सु. श्री तारा प्रसाद जोशी<br>ना.सु. श्री सिंह बहादुर कुँवर<br>ना.सु. श्री विर राम ताम्राकार | |
| २ | नागरिकता प्रतिलिपी शाखा | ना.सु. श्री कृष्ण राज जोशी<br>खरिदार श्री लक्ष्मण चौधरी<br>खरिदार श्री नर राज पाण्डे<br>का.स. श्री दिपक बोहरा | |
| ३ | राहदानी शाखा | क.अ. श्री अर्जुन सिंह कठायत<br>क.अ. श्री इन्द्र बहादुर बम<br>क.अ. श्री सुशान्त सिंह भण्डारी<br>खरिदार श्री द्रोपती चटौत | |
| ४ | मुद्दा शाखा | ना.सु. श्री ईश्वर दत्त जोशी<br>ना.सु. श्री दुर्गा दत्त पन्त | |
| ५ | स्थानीय प्रशासन विपद व्यवस्थापन शाखा | ना.सु. श्री राम मुर्ति सिंह<br>खरिदार श्री माधव राज फुलारा | |
| ६ | कर्मचारी प्रशासन शाखा/संघसस्था शाखा | ना.सु. श्री टिकेन्द्र प्रसाद भट्ट<br>ना.सु. श्री जानकी कुमारी जोशी | |
| ७ | कम्प्युटर शाखा | क.अ. श्री हेमन्ता राना<br>स.क.अ. श्री आरती कुमारी आचार्य | |
| ८ | कसुरजन्य शाखा | ना.सु. श्री राम कुमार चौधरी | |
| ९ | लेखा शाखा | ले.पा. श्री यदु प्रसाद पौडेल | |
| १० | दर्ता चलानी | खरिदार श्री कल्लु राम राना | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:-

| सि.नं. | सेवाको प्रकार | | लाग्ने दस्तुर | लाग्ने अवधि |
|---|---|---|---|---|
| १ | राहदानी | साधारण राहदानी | रु.५०००।- | तोकिए बमोजिम |
| | | हराएको राहदानी | रु.१०,०००।- | |
| | | नाबालकको राहदानी | रु. २५००।- | |
| २ | नयाँ संस्था दर्ता | | रु. १०००।- | |
| ३ | संस्था नविकरण | | तोकिए बमोजिम | |
| ४ | पत्रपत्रिका दर्ता | दैनिक | रु. १००० | |
| | | मासिक | रु. २०० | |
| | | पाक्षिक | रु. ३०० | |
| | | अर्धसाप्ताहिक | रु. ५०० | |
| | | साप्ताहिक | रु. ७०० | |
| ५ | छापाखाना दर्ता | | रु. १००० | |
| **अन्यको हकमा नेपाल सरकारले तोके बमोजिम** | | | | |

**७. निर्णय गर्ने प्रकृया र अधिकार:-** प्रमुख जिल्ला अधिकारी

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:-** प्रमुख जिल्ला अधिकारी

## ९. सम्पादन गरेको कामको विवरण:-

१. वंशजको आधारमा नागरिकता वितरण- म-७४५, पु. ७९६ जम्मा- १४५१
२. वैवाहिक अंगिकृत- १८
३. प्रतिलिपी नागरिकता वितरण- १७५०
४. नावालक परिचयपत्र- ५४
५. राहदानी वितरण- २३७१
६. राहदानी आवेदन दर्ता- ३३३८
७. राष्ट्रिय परिचय पत्र विवरण दर्ता- ४५६४
८. राष्ट्रिय परिचय पत्र वितरण- १५९

## १०. मुद्दा

**आ.व. २०७९/०८० को दोश्रो त्रैमासिक (माघ देखि चैत्र सम्म) मुद्दाको विवरण**

| क्र.स. | मुद्दाको किसिम | नयाँ मुद्दाको | | अघिल्लो आ.व. बाट सरि आएका मुद्दा | |
|---|---|---|---|---|---|
| | | दर्ता संख्या | फछर्यौट | अल्या संख्या | फछर्यौट |
| १ | सार्वजनिक | १०७ | ८३ | ७८० | ४६ |
| २ | जुवा तास | २ | ० | ३० | २ |
| ३ | खाद्य सम्बन्धी | ३ | ० | ४६ | १ |
| ४ | सवारी दुर्घटना/क्षतिपूर्ति | ० | ० | ४९ | ० |
| ५ | नागरकिता | १ | ३ | ० | ० |
| | | ११३ | ८६ | ९०५ | ४९ |

## ११. संघ/संस्था

क. नयाँ संघ/सस्था दर्ता- ४२

ख. संघ/संस्था नविकरण- १११

ग. पत्रपत्रिका दर्ता- ३

घ. छापाखाना दर्ता- १

ङ. शाखा विस्तार- १

च. हातहतियार नविकरण- ८

छ. पेन्सन सिफारिस-४

ज. संस्था अनुगमन- ९

झ. कार्यालय अनुगमन- २

ञ. कर्मचारी बैठक- ३

ट. कार्यालय प्रमुख बैठक- ३

ठ. सूचना अधिकारी बैठक- १

## १२. कसुरजन्य शाखा

क. जनजाती प्रमाणित:- १९०

ख. दलित प्रमाणित: ६९

ग. मधेसी प्रमाणित:- ७

घ. नामथर/जन्ममिति प्रमाणित:- ७८

ङ. खस आर्य प्रमाणित:- १०

च. अ.दु.अ.आ., रा.स.के. लगायत विभिन्न निकायबाट प्राप्त उजुरी र फर्छयौट-

| सि.नं. | उजुरी प्राप्त निकाय | दर्ता संख्या | फर्छयौट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अख्तियार | ७ | १ | |
| | अघिल्लो आ.व.को अल्या | ५ | ४ | |
| २ | व्यक्ति उजुरीहरु | ७ | ४ | |

## १३. स्थानीय प्रशासन शाखा-

छ. सि.सि.टि.भि. जडान:- ७

ज. द्धन्दपीडित सिफारिस- ५

झ. विविध सिफारिस- ५०

ञ. अन्तर जिल्ला समन्वय बैठक- १

ट. जिल्ला सुरक्षा समितिको बैठक- ११

ठ. विपद् व्यवस्थापन समितिको बैठक- ३

ड. कार्यालय प्रमुखको बैठक- ३

ढ. जग्गा प्राप्ती समितिको बैठक- १

ण. घरभाडा निर्धारण समितिको बैठक- ६

त. ड्रोन उडान अनुमति- २

थ. राजश्व चुहावट समितिको बैठक- १

द. कसुरजन्य सम्पत्ति सम्बन्धी जिल्लास्तरीय मूल्यांकन समितिको बैठक- १

प. राजनैतिक दलहरुसँगको समन्वय बैठक- १

फ. चौकी निरीक्षण- १
ब. सूचना अधिकारी बैठक- १
भ. विष्फोटक पदार्थ इजाजत जारी- १
म. विष्फोटक पदार्थ इजाजतपत्र नविकरण- ५
य. जिल्ला अनुगमन तथा मूल्यांकन समितिको बैठक-१
र. DEOC / LEOC चलायमान सम्बन्धी समन्वय बैठक- १
व. विविध बैठक- २१
श. कारवाहीका लागि अन्य निकायमा पठाईएको ठाडो उजुरीहरु- १३०

## १४. मिटर ब्याजविरुद्धको हालसम्मको प्रगति

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | दर्ता भएको उजुरी संख्या | ९० |
| ३ | जिल्ला प्रशासनबाट समाधान भएको उजुरी | ३१ |
| ४ | अदालतमा मुद्दा परेकोले हेर्न नमिल्ने | ९ |
| ५ | जिल्ला प्रशासनमा कारवाहीको क्रममा रहेका उजुरी | १४ |
| ६ | जिल्ला प्रहरी कार्यालयबाट छानबिन भईरहेको उजुरी | ८ |
| ७ | हेर्न बाकी उजुरी | २८ |

## १५. विपद् व्यवस्थापन:-

क. आगलागी, वाढी/पहिरो, चट्याङबाट पीडितहरुलाई राहत-(रु. ७४०००।-)
ख. विपद् वाट मृतकका परिवारलाई राहत- ०
ग. द्वन्द्वपीडितहरुलाई राहत वितरण:-
१. घाईते अपांग:- २२ जनालाई (रु. ८१२८००।-)
२. ऐतिहासिक जनआन्दोलन २०६२।६३ का शहिद परिवारलाई मासिक आर्थिक सहायता:- ०।-
३. टुहुरा बालबालिकालाई मासिक भत्ता:- ०
४. आर्थिक सहायता (सहयोगी संस्थालाई)- ०।-

## १६. कार्यालय प्रमुख, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको नाम:-

१. कार्यालय प्रमुखको नाम:- प्र.जि.अ. श्री युवराज कटेल (९८५८४२७७७७)
२. गुनासो सुन्ने अधिकारीको नाम:- स.प्र.जि.अ. श्री यज्ञराज जोशी (९८५८४२६६६६)
३. सूचना अधिकारीको नाम:- प्र. अ. श्री शिवराज जोशी (९८५१०७३५२९)

## १७. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचि:-

१. स्थानीय प्रशासन ऐन-२०२८
२. हातहतियार तथा खरखजाना सम्बन्धी ऐन,२०१९
३. कालो बजारी ऐन, २०३२
४. नागरिकता ऐन, २०६३ र नियमावली, २०६३
५. राहदानी ऐन, २०७६, नियमावली २०७७ र कार्यविधि २०७८

६. सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५
७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली २०७६
८. घाईते अपांग व्यक्तिहरुको पुनरावलोकन कार्यविधी, २०७४ संशोधन
९. विस्फोटक पदार्थ ऐन,२०१८ र नियम २०२०
१०. यातायात व्यवस्था ऐन, २०४९ र नियमावली २०५४ (क्षतिपुतर्ति प्रयोजनाका लागी)
११. निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
१२. संस्था दर्ता ऐन, २०३४
१३. छापाखाना तथा प्रकाशन सम्बन्धि ऐन, २०४८
१४. जग्गा प्राप्ती ऐन, २०३४
१५. मुलुकी अपराध संहिता ऐन, २०७४
१६. विष्फोटक पदार्थ ऐन २०१८
१७. बालबालिक सम्बन्धी ऐन २०७५
१८. मानव अधिकार आयोग ऐन, २०५३.
१९. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५
२०. लाग औषध (नियन्त्रण) ऐन २०३३
२१. सशस्त्र प्रहरी ऐन, २०४८
२२. सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४
२३. संस्था दर्ता ऐन २०३४, संस्था दर्ता नियमावली २०३४
२४. होटल व्यवस्था तथा मदिराको विक्रि वितरण (नियन्त्रण ऐन २०२३
२५. उपभोक्ता संरक्षण ऐन, २०७५
२६. कारागार ऐन २०१९
२७. खाद्य ऐन २०२३
२८. छापाखाना र प्रकाशन ऐन २०४८
२९. जलश्रोत ऐन २०४९ र जलश्रोत नियमावली, २०५०
३०. जग्गा प्राप्ती ऐन २०३४
३१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४
३२. प्रहरी ऐन २०१२
३३. उमेर नाम र जान सच्याउने नियमहरु २०१७
३४. नागरिकता नियमावली, २०६३
३५. राष्ट्रिय परिचयपत्र तथा पंजीकरण ऐन, २०७६ र नियमावली, २०७७
३६. कारागार नियमावली २०२०
३७. खाद्य नियमावली २०२७
३८. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली २०४९
३९. सुशासन (व्यवस्थापन तथा संचालन नियमावली २०६५ • हातहतियार खरखजाना नियमावली २०२८
४०. प्रहरी नियमावली, २०२८
४१. सशस्त्र प्रहरी नियमावली २०६०
४२. सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१
४३. मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
४४. मुलुकी अपराध (संहिता) ऐन २०७४ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४
४५. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४

४६. नागरिकता वितरण कार्यविधि निर्देशिका २०६३
४७. प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
४८. हातहतियार खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका २०६९
४९. नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधि, २०७४
५०. सदाचार संहिता २०७५
५१. बलम् जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७२ (संशोधन सहित
५२. राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि २०७५
५३. कसुरजन्य सम्पत्ति तथा साधन रोका, नियन्त्रण र जफत ऐन, २०७० र नियमावली, २०७७
५४. जिल्ला सूचनको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५
५५. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६
५६. राष्ट्रिय परिचयपत्र कार्यक्रम संचालन कार्याविधि, २०७७
५७. गिटी, बालुवा उत्खनन, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
५८. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७
५९. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८
६०. नेपाल सरकारले तोके बमोजिम अन्य ऐन, नियम र निर्देशिकाहरु।

**१८. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:-**

क. चालु तर्फ- विनियोजित रु.-२,७२,७५,०००।- जम्मा खर्च रु. ६३६७५५४।६०
ख. पूजीगत तर्फ- विनियोजित रु.-४६५००००।- जम्मा खर्च रु. २१९३६।–

**१९. राष्ट्रिय परिचयपत्रको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:-**

चालु तर्फ- विनियोजित रु.-१३०५०००।- जम्मा खर्च रु. ३१५६८०।-


**आम्दानी तर्फ**

१. परीक्षा शुल्क:- २०००।-
२. राहदानी शुल्क रु. १५७२२८२५।-
३. कम्पनी रजिष्ट्रेशन दस्तुर रु. २८५१००।-
४. प्रशासनिक दण्ड जरिवाना र जफत रु.- ८२२५५६।-
५. हातहितयार इजाजतपत्र/नविकरण दस्तुर रु. १११०००।–
६. अन्य प्रशासनिक सेवाशुल्क- ३०००।–

**तोकिए बमोजिमका अन्य विवरणहरु:--**

**२०. अघिल्लो आ.व.मा कुन कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:-** छैन।

**२१. यस कार्यालयको वेभसाइट विवरण:-** www.daokailali.moha.gov.np




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

**२२.** **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एंव प्राविधिक सहयोग सम्झौता सम्बन्धि विवरण:-** छैन।

**२३.** **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:-** छैन।

**२४.** **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो संकलन गर्न तोकिएको समयावधि:-** छैन।

**२५.** **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धि निबेदन र सो उपर सूचना दिएको विषय:-** छैन।

**२६.** **सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:-** छैन।

शिवराज जोशी
प्रशासकीय अधिकृत